फोन नं. ५२१३०७

सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

महेन्द्रनगर, कञ्चनपुर, नेपाल

प.सं. : ०७९/०८०
च.नं.:

प्रथम पटक प्रकाशित मिति २०७९।०८।२१

**विषय : प्रविधि हस्तान्तरण सम्बन्धी सूचना ।**

यस कार्यालयको चालु आ.व. ०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार जिल्ला स्तरमा घरेलु तथा साना उद्योगीहरुलाई प्रविधि (यन्त्र, उपकरण तथा मेशिनरी औजार) हस्तान्तरण गर्ने कार्यक्रम रहेको हुँदा यस कार्यालयमा उद्योग दर्ता गरि उद्योग संचालन गरिरहेका उद्योगीहरुलाई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र तपशिलमा उल्लेखित कागजात सहित यस कार्यालयवाट उपलब्ध हुने फाराम लिई रु १००/– राजश्व दाखिला गरि सिलवन्दी आवेदन प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सवैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

**अनिवार्य रुपमा पेश गर्नु पर्ने कागजातहरु**

१.नवीकरण भएको उद्योग व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपी
२.प्यान (PAN)/भ्याट (VAT) दर्ता प्रमाण पत्रको प्रतिलिपी
३.आ.व.०७८/०७९ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी
४.उद्योगको व्यवसायिक योजना (स्किम)
५.अनुभव तथा तालिमका प्रमाणपत्रहरुको प्रतिलिपी
६.विगत ३ (तीन) आ.व.मा उद्यमीले प्रविधि तथा अन्य अनुदान प्राप्त नगरेको स्वघोषणा पत्र ।
७.नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी
८.सिलवन्दी गरि पेश गरिएका खाममा उद्योगको नाम, ठेगाना, सम्पर्क नं. उल्लेख का साथै कागजातहरुमा स्वयम् उद्योगीको हस्ताक्षर एंव फर्मको छाँप अनिवार्य हुनुपर्नेछ ।

**अन्य शर्तहरु**

१.विगत तीन आ.व. (०७६।०७७, ०७७।०७८ र ०७८।०७९) मा उद्यमीले प्रविधि तथा अन्य अनुदान प्राप्त नगरेको हुनु पर्नेछ ।

२.उद्योगको प्रकृती, आवश्यकता र उद्योगवाट श्रृजना हुने रोजगारीका आधारमा उद्यमीलाई बढीमा एक लाख रुपैंया सम्मको प्रविधि उपलब्ध गराईनेछ । प्रविधि खरिद गर्दा आपुर्तिकर्तावाट कबोल गरेको कुल अंकको ८०% रकम कार्यालयको र २०% रकम उद्यमीको लागत सहभागिता हुनेछ ।

३.एकै व्यक्ति वा संस्थाको नाममा एक भन्दा बढी उद्योग दर्ता भएको भए कुनै एक उद्योगको तर्फवाट मात्र प्रस्ताव पेश गर्न पाइनेछ ।

४.यस कार्यक्रमको लागी उद्यमीहरुको छनौट प्रदेश उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्धि वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७९/०८० तथा प्रचलित ऐन कानूनका आधारमा हुनेछ साथै प्रस्ताव छनौट, स्विकृति एवं प्रविधि हस्तान्तरण गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार सम्बन्धित समिति र यस कार्यालयमा रहनेछ ।

५.तोकिएको समय भित्र तथा रित पुर्वक पेश नभएका आवेदनहरु माथी कुनै कारवाही हुने छैन ।

**प्रविधि हस्तान्तरण गर्दा देहायका उद्योग व्यवसायीहरुलाई प्राथमिकता दिईनेछ ।**
१.विभाग, निर्देशनालय, कार्यालय, समिति, प्रशिक्षण केन्द्र र लघु उद्यम विकास कार्यक्रमवाट तालिम लिई स्थापना भएका उद्योग व्यवसायहरु ।
२.स्वदेशी श्रम, सीप तथा स्थानीय कच्चा पदार्थको उपयोग गरि संचालन भएका उद्योग व्यवसायहरु ।
३.महिला, दलित, जनजाती तथा सामाजिक रुपले पछाडी परेका र आदिवासी जनजातीद्धारा संचालित उद्योग व्यवसायहरु ।
४.वातावरण मैत्री उद्योग व्यवसायहरु ।

थप जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयको फो.नं. ०९९–५२१३०७ मा सम्पर्क गर्न सकिने छ ।

(हेमन्त बहादुर सिंह)
उद्योग अधिकृत